# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।११।०८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कपिलबस्तु, गौतमबुद्ध साझेदारी वन व्यवस्थापन समिति कपिलवस्तुमा आ.व.०७४/०७५ मा ठेकेदार समेतले ६ वटा कटान प्लटहरुको ३७ हजार क्यू.फिट काठ काटी निकाल्ने ठेक्का स्वीकृत गराई कर्मचारीहरुसँग मिलेमतो गरी केही काठ लुकाई छिपाई नजिकैको स-मिलमा बिक्री गरी अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा उक्त गौतमबुद्ध साझेदारी वन व्यवस्थापन समिति अन्तर्गत बिभिन्न ६ वटा कटान प्लटहरुमा विभिन्न जातका ८०३ वटा रुखहरु छपान भएकोमा ८०१ वटा रुखहरु कटान भएको जसबाट उक्त ८०१ वटा रुखको नाँपजाँचको आधारमा ३५,७७८.१० क्वी फिट काठ र ४९.२३ चट्टा दाउरा संकलन हुनु पर्नेमा नाँपजाँच मूल्याङ्कन परिमाण भन्दा कम परिमाणमा काठ उत्पादन संकलन भएको देखाई मिलेमतोमा गोरखा मनकामना काष्ठ फर्निचर उद्योग काठमाडौंले संकलन उत्पादन गर्न ठेक्का लिएको प्लट नं B1C5S4F1 बाट काठ-दाउरा, फाएरलाईन-१, ढलापडा प्लट र फाएरलाईन-२ को गरी चारवटै प्लटको **जम्मा रु.९,३९,१३५।४०** मुल्य बराबरको वन पैदावार हिनामिना हानीनोक्सानी गरेको। त्यसैगरी ए आर काठ दाउरा खरिद बिक्री सेन्टर काठमाडौंले संकलन उत्पादन गर्न ठेक्का लिएको कटान प्लटहरु B2C3S5F2 र B2C4S1F2 को ठेक्का संझौता भएकोमा निजले सम्झौता अनुसार कार्यसंम्पादन गर्नुपर्नेमा कम परिमाणमा उत्पादन भएको देखाई हिनामिना भएको कटान प्लट नं. B2C3S5F2 र प्लट नं B2C4S1F2 गरी दुबै प्लटहरुबाट **जम्मा रु.१९,७३,०५८।२५** वरावरको वन पैदावर हिनामिना हानिनोक्सानी भएकोमा ६ वटा कटान प्लटवाट जम्मा ६,७६१.२४ क्यू.फिट काठ तथा ४.५४ चट्टा दाउरा कम उत्पादन र संकलनसमेत हुनगई आ.वं २०७४।०७५ र २०७५।०७६ राजश्वको दररेट अनुसार जम्मा **विगो रु.२९,१२,१९३।६५** (उनान्तीस लाख बाह्र हजार एकसय त्रियानब्बे रुपैया पैसट्ठी पैसा) बराबरको वन पैदावर हानीनोक्सानी भएको पाइएकोले उक्त भ्रष्टाचारजन्य कार्यमा संलग्न रहेका देहायबमोजिमका प्रतिवादीहरुले देहायबमोजिमको कसुर गरेको पाइएको हुँदा देहाय बमोजिमको सजायको मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः-**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन जिल्ला वन अधिकृत कृष्णदत्त भट्ट | जिल्ला वन कार्यालय कपिलवस्तु | रु.२९,१२,१९३।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार विगो बमोजिम जरिवाना गरी पाउन र सोही ऐनको दफा १७ बमोजिम विगोसमेत असुल उपर गर्ने मागदाबी लिइएको छ। |
| २. | तत्कालीन डिभिजनल वन अधिकृत दुर्गा बहादुर कार्की | डिभिजन वन कार्यालय, (गौतमबुद्ध) चन्द्रौटा, कपिलबस्तु | रु.२९,१२,१९३।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१)को देहाय (छ) बमोजिमको कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार विगो बमोजिम जरिवाना गरी पाउन र सोही ऐनको दफा १७ बमोजिम विगोसमेत असुल उपर गरी पाउन मागदाबी लिइएको छ। |

| | | | | |
|---|---|---|---|---|
| ३. | गौतमबुद्ध साझेदारी वन व्यवस्थापन समिति कार्यान्वयन ईकाइका तत्कालीन संयोजक वन अधिकृत महेन्द्रराज वाग्ले | जिल्ला कपिलवस्तु गौतमबुद्ध साझेदारी वन व्यवस्थापन समितिका तत्कालिन कार्यान्वयन ईकाई संयोजक डिभिजनल वन अधिकृत | रु.२९,१२,१९३।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१)को देहाय (छ) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार विगो बमोजिम जरिवाना गरी पाउन र सोही ऐनको दफा १७ बमोजिम विगोसमेत असुल उपर गरी पाउन मागदाबी लिइएको छ। |
| ४. | सहायक वन अधिकृत (तत्काल निलम्बित) ब्रहमदेब महतो | इलाका वन कार्यालय जवाबैराठ कपिलवस्तु | रु.२९,१२,१९३।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार विगो बमोजिम जरिवाना गरी पाउन र सोही ऐनको दफा १७ बमोजिम विगोसमेत असुल उपर गरी पाउन मागदाबी लिइएको छ। |
| ५. | रेन्जर हेमराज पण्डित | डिभिजन वन कार्यालय(गौतमबुद्ध) कपिलवस्तु | रु.२९,१२,१९३।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१)को देहाय (छ) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार विगो बमोजिम जरिवाना गरी पाउन र सोही ऐनको दफा १७ बमोजिम विगोसमेत असुल उपर गरी पाउन मागदाबी लिइएको छ। |
| ६. | तत्कालीन सहायक वन अधिकृत शिव शंकर प्रसाद | डिभिजन वन कार्यालय(गौतमबुद्ध) कपिलवस्तु | रु.२९,१२,१९३।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१)को देहाय (छ) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार विगो बमोजिम जरिवाना गरी पाउन र सोही ऐनको दफा १७ बमोजिम विगोसमेत असुल उपर गरी पाउन मागदाबी लिइएको छ। |
| ७. | सहायक वन अधिकृत टोलकराज चापागाई | प्रदेश वन निर्देशनालय रुपन्देही | रु.२९,१२,१९३।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार विगो बमोजिम जरिवाना गरी पाउन र सोही ऐनको दफा १७ बमोजिम विगोसमेत असुल उपर गरी पाउन मागदाबी लिइएको छ। |
| ८. | सहायक वन अधिकृत लालबाबु झा | सव डिभिजन वन कार्यालय गुगौली कपिलबस्तु | रु.२९,१२,१९३।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार विगो बमोजिम जरिवाना गरी पाउन र सोही ऐनको दफा १७ बमोजिम विगोसमेत असुल उपर गरी पाउन मागदाबी लिइएको छ। |
| ९. | सहायक वन अधिकृत गणेश कुमार थारु | डिभिजन वन कार्यालय (गौतमबुद्ध) कपिलवस्तु | रु.२९,१२,१९३।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) |

| | | | | |
|---|---|---|---|---|
| | | | | अनुसार बिगो बमोजिम जरिवाना गरी पाउन र सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर गरीपाउन मागदाबी लिइएको छ। |
| १०. | तत्कालीन सहायक वन अधिकृत नागेन्द्र प्रसाद सिंह राजपुत | ईलाका बन कार्यालय जवाबैराठ कपिलबस्तु | रु.२९,१२,१९३।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१)को देहाय (छ) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना गरी पाउन र सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर गरी पाउन मागदाबी लिइएको छ। |
| ११. | फरेष्टर रामरक्षा कुर्मी (चौधरी) | सव डिभिजन वन कार्यालय गुगौली कपिलवस्तु | रु.२९,१२,१९३।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१)को देहाय (छ) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना गरी पाउन र सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर गरी पाउन मागदाबी लिइएको छ। |
| १२. | वन रक्षक सन्जय थारु | सव डिभिजन वन कार्यालय गुगौली कपिलवस्तु | रु.२९,१२,१९३।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना गरी पाउन र सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर गरी पाउन मागदाबी लिइएको छ। |
| १३. | वन रक्षक संजय केवट | तत्काल डिभिजन वन कार्यालय कपिलवस्तु | रु.२९,१२,१९३।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना गरी पाउन र सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर गरी पाउन मागदाबी लिइएको छ। |
| १४. | वन रक्षक रामगोपाल त्रिपाठी | सव डिभिजन वन कार्यालय गुगौली कपिलवस्तु | रु.२९,१२,१९३।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना गरी पाउन र सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर गरी पाउन मागदाबी लिइएको छ। |
| १५. | फरेष्टर रमतु चौधरी | डिभिजन वन कार्यालय (गौतमबुद्ध) कपिलवस्तु | रु.२९,१२,१९३।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना गरी पाउन र सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर गरी पाउन मागदाबी लिइएको छ। |
| १६. | वन रक्षक बासुदेव गोडिया (अबकास | साविक सेक्टर वन कार्यालय जलैया | रु.२९,१२,१९३।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. |

| | | | | |
|---|---|---|---|---|
| | प्राप्त) | कपिलवस्तु | | ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार विगो बमोजिम जरिवाना गरी पाउन र सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर गरी पाउन मागदाबी लिइएको छ। |
| १७. | तत्कालीन संयोजक/अध्यक्ष जानकी प्रसाद यादव | गौतमबुद्ध साझेदारी बन व्यवस्थापन समिति कपिलबस्तु | रु.२९,१२,१९३।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार विगो बमोजिम जरिवाना गरी पाउन र सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर गरी पाउन मागदाबी लिइएको छ। |
| १८. | संचालक एकनाथ घिमिरे | गोरखा मनकामना काष्ठ फर्निचर उद्योग | रु.९,३९,१३५।०४ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो रकमसमेत जफत गरी पाउन मागदाबी लिइएको छ। |
| १९. | प्रोपराइटर गिता जि.सी. | ए आर काठ दाउरा खरिद बिक्री सेन्टर | रु.१९,७३,०५८।२५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो रकमसमेत जफत गरी पाउन मागदाबी लिइएको छ। |

प्रवक्ता

नरहरि घिमिरे